गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास कार्यालय, तनहुँ
फो.नं:०६५-५६३१३०
ईमेल:akctanahun@gmail.com
वेवसाईट:tanahun.akc.gov.np

कार्यक्रम संचालनको लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

(सूचना प्रकाशित मितिः २०८३/०७/१३)

यस कार्यालयको आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलका कार्यक्रम संचालन गर्न इच्छुक तनहुँ जिल्ला भित्रका कृषि फर्म/कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारी संस्थाले यो सूचना प्रकाशित भएको मितिबाट ७ दिन भित्र (२०८३/०७/२० गते सम्म) तोकिएको ढाँचामा कार्यक्रम प्रस्तावना सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

क.सं.	कार्यक्रमको नाम	अनुदान प्रतिशत	कार्यक्रमको लक्ष्य	बजेट रू लाखमा	कैफियत
१	**कृषिको उत्पादन र उत्पादकत्व अभिबृद्धि कार्यक्रमहरू**				
१.१	समुदायस्तरमा प्रशोधनयोग्य/खायन आलु उत्पादन प्रवर्धन कार्यक्रम	५०-९०	४० हेक्टर	४८	कार्यक्रम सञ्चालनका लागि कृषि फर्म/कृषि कम्पनीको हकमा कम्तीमा २० रोपनीको एकै कलष्टर र कृषक समूह/कृषि सहकारीको हकमा कम्तीमा १० घरधुरी संलग्न भई कम्तीमा ३० रोपनीको कलष्टरका साथै समूह/सहकारीमा संलग्न प्रत्येक कृषकले कम्तीमा १ रोपनीमा खेती गर्ने गरी क्षेत्रफल कायम गर्नुपर्नेछ। (आलु उत्पादन प्रवर्द्धन सम्बन्धि कार्यक्रम सञ्चालन मापदण्ड, २०८२)
१.२	आत्मनिर्भरताको लागि बीउ उत्पादन प्रवर्द्धन कार्यक्रम	५०-९०	३ हेक्टर	४.५	बीउ उत्पादक कृषि फर्म/कम्पनी, कृषक समूह/सहकारीले खाधान्नबाली, तरकारी बाली, तेलहन र दलहन बालीको बीउ उत्पादन गर्दा राष्ट्रिय बीउ विजन समितिबाट स्वीकृत भएको बीउ विजन प्रमाणिकरण मापदण्ड, २०८२ बमोजिमको न्युनतम क्षेत्रफल, कलष्टर तथा तोकिएका अन्य व्यवस्था पालना गरी बीउ उत्पादन गर्नुपर्नेछ। (बीउ उत्पादन प्रवर्द्धन सम्बन्धि कार्यक्रम सञ्चालन मापदण्ड, २०८२)
१.३	चैतेधान उत्पादन प्रवर्द्धन कार्यक्रम	५०-९०	६५ हेक्टर	६५	कृषि समूह/सहकारीमा कम्तिमा १० घरधुरी संलग्न भई न्यूनतम ५० रोपनी क्षेत्रफल क्षेत्रफल र संलग्न प्रत्येक घरधुरीले कम्तीमा ३ रोपनीमा चैतेधान खेती गर्नुपर्नेछ। (खाद्यान्नबाली प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०८२)
१.४	फलफूल नर्सरी स्थापना तथा सुदृढीकरण	५०	२ पटक	५	कृषि फर्म, कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारीले संरक्षित संरचना बनाई नर्सरी स्थापना गर्ने भएमा न्युनतम ३०० वर्ग मिटरमा र खुल्ला स्थानमा नर्सरी स्थापना गर्ने भएमा न्युनतम ५०० वर्ग मिटरमा संचालन गर्नुपर्नेछ (फलफूल तथा नगदेबाली विरुवा नर्सरी/ स्रोत केन्द्र स्थापना सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०८३)
१.५	लोकमार्ग/कोरिडोर केन्द्रित कृषि उत्पादन तथा प्रवर्द्धन कार्यक्रम	५०-९०	१ पटक	१५	कालिगण्डकी कोरिडोरसंग जोडिएका स्थानीय तहका कृषि फर्म, कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारी मार्फत विविध कृषिजन्य बालीहरुमा मापदण्डमा तोकिए बमोजिम सञ्चालन गर्नुपर्ने (लोकमार्ग/कोरिडोर केन्द्रित कृषि उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन मापदण्ड, २०८२)
२.	**समुदाय लक्षित खाद्य सुरक्षा कार्यक्रम**				
२.१	रैथाने तथा स्थानीय बाली विकास कार्यक्रम	५०-९०	२ पटक	१०	कृषक समूह/सहकारीको हकमा कम्तीमा ७ घरधुरी संलग्न भई कम्तीमा ३० रोपनीका साथै संलग्न प्रत्येक घरधुरीले कम्तीमा २ रोपनीमा खेती गर्नुपर्नेछ। कृषि फर्म/कम्पनीको हकमा कम्तीमा १० रोपनी र व्यक्तिगत कृषकको हकमा एकै कलष्टरमा कम्तीमा ५ रोपनी क्षेत्रफलमा खेती गर्नुपर्नेछ। (रैथाने तथा स्थानीय बाली विकास कार्यक्रम सञ्चालन मापदण्ड, २०८२)
२.२	ग्रामीण पोषण सुरक्षण कार्यक्रम	बढीमा ९०	३ पटक	१५	कम्तीमा २५ घरधुरी संलग्न भई खाद्य तथा पोषण सुरक्षाको लागि विविध कार्यक्रम गर्नु पर्ने। (ग्रामीण पोषण सुरक्षण कार्यक्रम सञ्चालन मापदण्ड, २०७८)
३	**कृषि उद्यम प्रवर्धन कार्यक्रम**				
३.१	कृषि उद्यम विकास कार्यक्रम	५०	२ पटक	१५	कृषि उपजको ग्रेडिङ, लेबलिङ, प्याकिङ तथा प्रशोधन तथा अन्य मुल्य अभिबृद्धि सम्बन्धि कार्यका लागि कृषि फर्म, कृषि कम्पनी, कृषक समूह तथा कृषि

कार्यालय प्रमुख

क.सं.	कार्यक्रमको नाम	अनुदान प्रतिशत	कार्यक्रमको लक्ष्य	बजेट रू लाखमा	कैफियत
					सहकारीले कार्यक्रममा आवेदन दिन सक्नेछन्। (कृषि उद्यम विकास कार्यक्रम सञ्चालन मापदण्ड, २०८२)
४	**जलवायुमैत्री प्रविधि प्रवर्धन कार्यक्रम**				
४.१	ग्रामीण कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम	५०-९०	२ पटक	१०	ग्रामीण क्षेत्रमा सञ्चालनमा रहेका होमस्टे, फार्मस्टे, रैथाने कृषि उपज प्रवर्द्धन गर्ने होटल, सामुदायिक पाहुना घर रहेको बडाका कृषि फर्म, कृषक समूह/कृषि सहकारीमार्फत आवेदन दिन सकिन्छ। आवेदकले होमस्टे, फार्मस्टे, रैथाने कृषि उपज प्रवर्द्धन गर्ने होटल, सामुदायिक पाहुना घरसँग पूर्व खरिद सम्झौता गर्नुपर्नेछ। (जलवायुमैत्री प्रविधि प्रवर्द्धन सम्बन्धि कार्यक्रम सञ्चालन मापदण्ड, २०८२)
४.२	प्राङ्गारिक मल वितरण	बढिमा ७५	१ पटक	१०	बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ बमोजिम हुने
५	**संघीय सशर्त कार्यक्रम**				
५.१	प्राङ्गारिक कृषि प्रवर्धन कार्यक्रम	५०-८५	१ पटक	१५	प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि, २०८२ बमोजिम कार्यक्रम संचालन हुने ।
६	उत्कृष्ट कृषकलाई पुरस्कृत गर्ने		१ पटक	१.२	उत्कृष्ट कृषक पुरस्कार सम्बन्धी मापदण्ड, २०७९ बमोजिम हुने

आवश्यक कागजातहरु

१) निवेदन र स्पष्टरुपले भरिएको प्रस्तावना फारम,

२) नेपाली नागरिकताको प्रमाणपत्र, जग्गा धनीको लालपुर्जाको प्रतिलिपि वा भाडाको जग्गा भए जग्गा करारनामा सम्झौताको प्रतिलिपि,

३) कार्यक्रमको नाम उल्लेख गरी स्पष्ट रुपमा लेखिएको सम्बन्धित वडा कार्यालयको वा स्थानीय तहको कृषि शाखाको सिफारिस पत्र।

४) कृषि फर्म, समूह, संस्था, समिति, कम्पनी वा सहकारीले देहायका कागजातहरु संलग्न गर्नुपर्नेछ: दर्ता/स्थापना सम्बन्धी कागजातको प्रतिलिपि, नविकरण गर्नुपर्ने भएमा नविकरण प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपि, गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन (सहकारीको हकमा मात्र), निर्णयको प्रतिलिपि (समूह र सहकारीको हकमा), कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, अघिल्ला दुई आर्थिक वर्षमा अनुदानको लागि प्रस्ताव आव्हान गरिएकोमा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र) तथा कार्यालयले आवश्यक ठानेको अवस्थामा थप अन्य विवरण।

आवेदन फाराम्को लागि दिईएको QR कोड स्क्यान गर्नुहोला ।

पुनश्च : माथि उल्लेखित कार्यक्रमहरु प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ र कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशको कार्यक्रम संचालन सम्बन्धी स्वीकृत मापदण्ड पूर्णरुपमा लागू हुनेछन् । उल्लेखित मितिभित्र आवश्यक कागजात र प्रकृया नपुगेका आवेदनहरुमाथि कुनै प्रकृया अगाडी बढाउन कार्यालय बाध्य हुने छैन।

थप जानकारीको लागिः कृषि विकास कार्यालय, तनहुँ,
फोन नं. ०६५-५६३१३०, ९८५६०६४१३०, ९८५६०७२२८६, ९८४६६२६२९७, ९८५८०५४२६६ वेवसाईटः tanahun.akc.gov.np